# राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९

नेपाल राजपत्रमा प्रकाशित मिति

२०७९।०७।२४

संशोधन

१. राष्ट्रिय खेलकुद विकास (पहिलो संशोधन) नियमावली, २०८० २०८०।०७।०२

२. राष्ट्रिय खेलकुद विकास (दोस्रो संशोधन) नियमावली, २०८२ २०८२।०७।२०

राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा ५४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "एजेन्सी" भन्नाले ऐनको दफा ४३ को उपदफा (१) बमोजिमको राष्ट्रिय एन्टीडोपिङ एजेन्सी सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ सम्झनु पर्छ।

(ग) "कोष" भन्नाले ऐनको दफा ५० को उपदफा (१) बमोजिमको खेलाडी कल्याणकारी कोष सम्झनु पर्छ।

## परिच्छेद-२
## समिति र सदस्य-सचिव

३. **समितिको काम, कर्तव्य र अधिकारः** ऐनको दफा १५ मा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) खेलकुदको विकासका लागि तत्कालीन, अल्पकालीन र दीर्घकालीन योजना बनाई परिषद्मा पेश गर्ने,

(ख) राष्ट्रिय खेल सङ्घ वा महासङ्घ, खेल तथा खेलाडीहरुको अभिलेख अद्यावधिक गर्ने, गराउने,

(ग) परिषद्द्वारा सञ्चालन योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने,

(घ) परिषद्सँग आवद्ध ↔राष्ट्रिय सङ्घ वा महासङ्घ वा परिषद्मा दर्ता भएका ओलम्पिक कमिटीको काम कारबाहीको निरीक्षण तथा अनुगमन गर्न परिषद्का सदस्यहरुको कार्य विभाजन गरी स्वीकृतिको लागि परिषद्मा पेश गर्ने,

(ङ) खेलको वर्गीकरण र प्राथमिकता निर्धारण गरी परिषद्मा पेश गर्ने।

४. **सदस्य-सचिवको काम, कर्तव्य र अधिकारः** ऐनको दफा १८ मा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त सदस्य-सचिवको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्वीकृत नीति, योजना, कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयन गर्ने, गराउने,

(ख) परिषद्सँग आवद्ध खेल सङ्घ तथा संस्थाको काम कारबाहीको निरीक्षण तथा अनुगमन गर्ने, गराउने,

(ग) खेलकुद पूर्वाधार निर्माणका लागि स्वीकृत आयोजनाको सम्झौता बमोजिमको कार्य समयमा सम्पन्न गर्ने, गराउने,

(घ) प्रदेश तथा स्थानीय स्तरका खेलकुद निकायहरुसँग खेलकुदको विकास तथा विस्तारको लागि आवश्यक समन्वय तथा सहकार्य गर्ने,

(ङ) खेलाडीहरुको क्षमता विकास गर्न खेल सम्बन्धी उच्च अध्ययनको लागि छात्रवृत्ति प्रदान गर्न आवश्यक व्यवस्था गर्ने।

५. **कार्यसम्पादनमा आधारित सम्झौता गर्नु पर्नेः** (१) सदस्य-सचिवले नियुक्ति भएको मितिले तीस दिनभित्र मन्त्रालयका मन्त्रीसँग कार्यसम्पादन सम्झौता गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम गरिने कार्यसम्पादन सम्झौतामा देहायका विषय समावेश गर्नु पर्नेछः-

(क) सम्झौता अवधिमा गरिने कामको विवरण र सोको मापनयोग्य लक्ष्य,

(ख) कार्यान्वयन कार्ययोजना,

(ग) कार्यसम्पादन मूल्याङ्कन विधि, तरिका र प्रक्रिया,

(घ) सदस्य-सचिवको कार्यसम्पादनसँग सम्बन्धित अन्य आवश्यक कुरा।

↔ दोस्रो संशोधनद्वारा संशोधित।

६. **सदस्य-सचिवको पारिश्रमिक तथा सुविधाः** (१) सदस्य-सचिवको मासिक पारिश्रमिक, महङ्गी भत्ता, लुगा भत्ता, दैनिक तथा भ्रमण भत्ता, सञ्चार सुविधा, सवारी साधन र इन्धन सुविधा नेपाल सरकारको निजामती सेवाको विशिष्ट श्रेणीको कर्मचारीले पाए सरहको हुनेछ।

(२) सदस्य-सचिवले आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाउने चाडपर्वको लागि वर्षको एक पटक आफूले खाइपाई आएको एक महिनाको पारिश्रमिक बराबरको रकम चाडपर्व खर्च बापत पाउनेछ।

(३) सदस्य-सचिवले परिषद्को कामको सिलसिलामा स्वदेशभित्र भ्रमण गर्दा परिषद्को अध्यक्ष र विदेशमा भ्रमण गर्नु पर्ने भएमा नेपाल सरकार, मन्त्रिपरिषद्को स्वीकृति लिनु पर्नेछ।

## परिच्छेद-३
## खेल सङ्घ

७. **खेल सङ्घको मापदण्ड**: ऐनको दफा २२ को उपदफा (२) मा उल्लिखित मापदण्डको अतिरिक्त खेल सङ्घ स्थापना गर्दा देहायको मापदण्ड पूरा गरेको हुनु पर्नेछ :-

(क) खेल सङ्घको विधानमा कुनै प्रकारको राजनीतिक, धार्मिक, जातीय, लैङ्गिक र शारीरिक अवस्थाका आधारमा खेलाडी प्रति विभेद नहुने एवं समावेशिताको सिद्धान्तलाई अवलम्बन गर्ने कुराको सुनिश्चितता हुनु पर्ने,

(ख) खेल सङ्घको विधानमा राष्ट्रियस्तरमा खेल क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका व्यक्तिहरु एवं पूर्व खेलाडीहरुको संलग्नता हुने गरी व्यवस्था गर्ने,

(ग) खेल सङ्घको विधानमा प्रत्येक खेल सङ्घले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र साधारण सभा गर्ने, प्रत्येक चार वर्षमा सङ्घको आवधिक निर्वाचन गर्नु पर्ने र त्यस्तो निर्वाचनको लागि परिषद्बाट स्वीकृति लिनुपर्ने व्यवस्था हुनु पर्ने,

(घ) खेल सङ्घको विधानमा मुख्य प्रशिक्षक वा सम्बन्धित खेलको प्राविधिक ज्ञान वा अनुभव भएका व्यक्तिको संयोजकत्वमा प्राविधिक समिति गठन गर्ने व्यवस्था हुनु पर्ने,

(ङ) अन्तर्राष्ट्रिय महासङ्घसँग आवद्ध खेल सङ्घहरुको विधानमा त्यस्ता महासङ्घको बडापत्रको मूल्य मान्यतालाई आत्मसात गरेको हुनु पर्ने,

नेपाल कानून आयोग

(च) खेल सङ्घको विधानमा स्थानीय खेल सङ्घले प्रदेश खेल सङ्घसँग, प्रदेश खेल सङ्घले राष्ट्रिय खेलसङ्घ वा महासङ्घसँग समन्वय तथा सहकार्य गर्ने गरी व्यवस्था गरेको हुनु पर्ने,

(छ) सङ्घ, प्रदेश तथा स्थानीय तहका खेल सङ्घ गठन गर्दा सम्बन्धित खेल खेल्नको लागि परिषद्ले तोकेको मापदण्ड बमोजिमको कम्तीमा एउटा भौतिक संरचना हुनु पर्ने,

(ज) खण्ड (छ) बमोजिमको संरचना नभएमा बढीमा एक वर्षभित्र भौतिक संरचना निर्माणका लागि आवश्यक जग्गा प्राप्त गर्न सकिने विश्वसनीय आधार सम्बन्धित खेल सङ्घले पेश गर्नु पर्ने,

(झ) खेल सङ्घको विधान परिषद्बाट स्वीकृत भएपछि मात्र लागू हुने व्यवस्था रहनु पर्ने।

८. **प्रदेश खेल सङ्घ गठन गर्न सकिने**: भौगोलिक कारणबाट ऐनको दफा २३ बमोजिम प्रदेश खेल सङ्घ गठन गर्न सम्भव नभएमा देहाय बमोजिम हुने गरी प्रदेश खेल सङ्घ गठन गर्न सकिनेछ :-

(क) प्रदेशभित्रका कम्तीमा पचास प्रतिशतभन्दा बढी जिल्लाका बीस प्रतिशतभन्दा बढी स्थानीय तहमा क्लब वा खेल सङ्घ गठन भएको हुनु पर्ने,

(ख) विशेष खेल सङ्घको हकमा सम्बन्धित प्रदेशमा दर्ता भई कम्तीमा पाँच जिल्लामा स्थानीय खेल सङ्घ गठन भएको हुनु पर्ने,

(ग) भौगोलिक तथा प्राविधिक कारणले खण्ड (क) र (ख) बमोजिम गठन हुन नसक्ने विशेष प्रकृतिका खेल सङ्घका हकमा सिधै प्रदेश खेल सङ्घ गठन भएको हुनु पर्ने।

स्पष्टीकरणः यस नियमको प्रयोजनको लागि "विशेष खेल सङ्घ" भन्नाले साहसिक खेल वा परम्परागत रुपमा वा निश्चित भौगोलिक क्षेत्रमा खेलिने खेल वा शारीरिक रुपमा फरक क्षमता भएका व्यक्तिहरुद्वारा खेलिने पारा खेलकुद वा मानसिक रुपमा फरक क्षमता भएका व्यक्तिहरुद्धारा खेलिने विशेष खेलकुदका खेल सङ्घ सम्झनु पर्छ।

९. **दर्ता तथा प्रमाणपत्र**: (१) राष्ट्रिय खेल सङ्घ वा महासङ्घ दर्ता गराउनको लागि ऐनको दफा २६ को उपदफा (२) मा उल्लिखित कागजातको अतिरिक्त देहायका कागजात र अनुसूची-१ बमोजिमको दस्तुर संलग्न गरी अनुसूची-२ बमोजिमको ढाँचामा परिषद्मा निवेदन दिनु पर्नेछः-

(क) राष्ट्रिय खेल सङ्घ वा महासङ्घले सोही खेल सङ्घसँग सम्बन्धित अन्तर्राष्ट्रिय खेल सङ्घ वा महासङ्घसँग आबद्धता भएको भए सोको प्रमाण,

(ख) राष्ट्रिय खेल सङ्घ वा महासङ्घका सबै कार्यसमितिका सदस्यहरुको नागरिकताको प्रमाणित प्रतिलिपि,

(ग) त्यस्तो खेल सङ्घ वा महासङ्घ परिषद्मा दर्ता गराउने सम्बन्धमा गरिएको निर्णयको प्रतिलिपि।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा त्यस्तो खेल सङ्घ वा महासङ्घलाई ऐनको दफा २६ को उपदफा (४) बमोजिम परिषद्ले दर्ता गर्ने निर्णय गरेमा त्यस्तो निर्णय भएको मितिले पन्ध्र दिनभित्र परिषद्मा दर्ता गरी निवेदकलाई अनुसूची-३ बमोजिमको ढाँचामा दर्ताको प्रमाणपत्र दिनेछ।

(३) परिषद्ले ऐनको दफा २६ को उपदफा (८) बमोजिम कुनै सङ्घ वा महासङ्घलाई दर्ता नगर्ने निर्णय गरेमा सदस्य सचिवले त्यस्तो निर्णय भएको मितिले पाँच दिनभित्र सोको जानकारी सम्बन्धित खेल सङ्घलाई दिनु पर्नेछ।

१०. **<u>नवीकरणको लागि निवेदन दिनुपर्ने</u>**: (१) परिषद्मा दर्ता भएका राष्ट्रिय खेल सङ्घ वा महासङ्घले ऐनको दफा २६ को उपदफा (९) बमोजिमको दर्ताको मान्य अवधि समाप्त हुनुभन्दा कम्तीमा पन्ध्र दिन अगावै देहाय बमोजिमका कागजात संलग्न गरी प्रत्येक वर्ष नवीकरणको लागि परिषद्मा निवेदन दिनु पर्नेछः-

(क) परिषद्मा दर्ता भएको प्रमाण पत्रको दर्ता नम्बर र मिति,

(ख) पछिल्लो वर्षको वार्षिक प्रतिवेदन,

(ग) खेल सङ्घको विधान,

(घ) भावी कार्ययोजना,

(ङ) कार्यसमितिको आवधिक निर्वाचन भएको मिति,

(च) कार्यसमितिका बहालवाला पदाधिकारीहरूको नामावली,

(छ) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

▽(छ१) अघिल्लो आर्थिक वर्षमा कम्तीमा एउटा राष्ट्रियस्तरको खेलकुद प्रतियोगिता सम्पन्न गरेको पुष्टि गर्ने प्रमाण कागजात,

(ज) खेल सङ्घको स्थायी लेखा नम्बरको प्रमाणको प्रतिलिपि।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर परिषद्ले जाँचबुझ गरी अनुसूची-१ बमोजिमको नवीकरण दस्तुर लिई त्यस्तो खेल सङ्घ वा महासङ्घ नवीकरण गरिदिनेछ।

---

▽ दोस्रो संशोधनद्वारा थप।



नेपाल कानून आयोग

११. **विवरण परिवर्तनको स्वीकृति लिनुपर्नेः** (१) ऐनको दफा २७ बमोजिम विवरण परिवर्तन गर्न स्वीकृतिको लागि राष्ट्रिय खेल सङ्घ वा महासङ्घले सोको ब्यहोरा उल्लेख गरी परिषद्मा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर परिषद्ले जाँचबुझ गर्दा विवरण परिवर्तन गर्न मनासिब देखिएमा अनुसूची-१ बमोजिमको विवरण परिवर्तनको लागि लाग्ने दस्तुर लिई त्यस्तो खेल सङ्घ वा महासङ्घलाई विवरण परिवर्तनको जानकारी दिनेछ।

(३) उपनियम (२) बमोजिम विवरण परिवर्तनको स्वीकृति प्रदान गरेपछि परिषद्ले त्यस्तो खेल सङ्घ वा महासङ्घ सम्बन्धी आफ्नो दर्ता अभिलेख समेत अद्यावधिक गर्नु पर्नेछ।

१२. **जानकारी दिनुपर्नेः** खेल सङ्घ वा महासङ्घले परिषद्मा दर्ता भएको मितिले पन्ध्र दिनभित्र प्रचलित बैङ्क तथा वित्तीय संस्था सम्बन्धी कानून बमोजिम स्थापित वाणिज्य बैङ्कमा त्यस्तो सङ्घ वा महासङ्घको नाममा खाता खोली सोको जानकारी परिषद्लाई दिनु पर्नेछ।

## परिच्छेद-४
## ओलम्पिक कमिटी

१३. **ओलम्पिक कमिटीको दर्ताः** (१) ऐनको दफा ३७ को उपदफा (१) बमोजिमका ओलम्पिक कमिटी, पारा ओलम्पिक कमिटी, विशेष ओलम्पिक कमिटी र उपदफा (२) बमोजिमका अन्य प्रकृतिका ओलम्पिक कमिटी दर्ता गर्नको लागि सोही दफाको उपदफा (५) बमोजिमका कागजात, विधान र अनुसूची-१ बमोजिमको दर्ता दस्तुर संलग्न गरी अनुसूची-२ बमोजिमको ढाँचामा परिषद्मा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदनसाथ संलग्न कागजात सम्बन्धमा आवश्यक जाँचबुझ गरी परिषद्ले त्यस्तो ओलम्पिक कमिटी, पारा ओलम्पिक कमिटी, विशेष ओलम्पिक कमिटी र अन्य प्रकृतिका ओलम्पिक कमिटी दर्ता गर्न मनासिब देखिएमा त्यस्तो कमिटी दर्ता गरी अनुसूची-३ बमोजिमको ढाँचामा दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

▿(३) उपनियम (२) बमोजिम दिइएको दर्ताको प्रमाणपत्र एक आर्थिक वर्षको लागि मान्य हुनेछ।

▿१३क. **ओलम्पिक कमिटीको नवीकरणः** (१) नियम १३ बमोजिम दर्ता भएका ओलम्पिक कमिटीको दर्ताको प्रमाणपत्र नवीकरणका लागि देहायका कागजात संलग्न गरी मान्य अवधि सकिनु अगावै परिषद्मा निवेदन दिनु पर्नेछः-

---

▿ दोस्रो संशोधनद्वारा थप।

(क) परिषद्मा दर्ता भएको प्रमाणपत्रको दर्ता नम्बर र मिति,
(ख) पछिल्लो वर्षको वार्षिक प्रतिवेदन,
(ग) कार्य समितिको आवधिक निर्वाचन भएको मिति,
(घ) कार्य समितिका बहालवाला पदाधिकारीहरूको नामावली,
(ङ) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,
(च) स्थायी लेखा नम्बर परिचय-पत्रको प्रतिलिपि।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर परिषद्ले जाँचबुझ गरी अनुसूची-१ बमोजिमको नवीकरण दस्तुर लिई त्यस्तो ओलम्पिक कमिटी नवीकरण गरिदिनेछ।

(३) उपनियम (१) बमोजिमको अवधिभित्र दर्ता प्रमाणपत्रको नवीकरण नगराउने ओलम्पिक कमिटीको अवधि नाघेको पहिलो तीन महिनाभित्र नवीकरण दस्तुरको पच्चीस प्रतिशत र त्यसपछिको तीन महिनाभित्र पचास प्रतिशत थप दस्तुर बुझाई नवीकरण गराउन सकिनेछ।

(४) परिषद्ले उपनियम (३) बमोजिमको अवधिभित्र पनि नवीकरण नगर्ने ओलम्पिक कमिटीको दर्ता खारेज गरी आवश्यक कारबाहीका लागि सम्बन्धित अन्तर्राष्ट्रिय संस्था समक्ष सिफारिस गर्न सक्नेछ।

१४. **ओलम्पिक कमिटीको अन्य काम**: ऐनको दफा ३७ को उपदफा (६) मा उल्लिखित व्यवस्थाका अतिरिक्त परिषद्मा दर्ता भएका ओलम्पिक कमिटीले अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीको बडापत्रको अधीनमा रही देहाय बमोजिमको काम गर्नु पर्नेछ :-

(क) अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीको बडापत्रको मूल्य मान्यता अनुसारको कार्य गर्ने, गराउने,

(ख) ओलम्पिक कमिटीमा आबद्ध खेलहरुको विकासको लागि आवश्यक कार्य गर्ने,

(ग) ओलम्पिक कमिटीसँग आबद्ध खेल सङ्घहरुमा सुशासन कायम गर्न आवश्यक सहयोग, समन्वय र सहकार्य गर्ने,

(घ) प्रशिक्षक प्रशिक्षण सम्बन्धी अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीको सोलिडारिटि कोर्स तथा तहगत कोर्स सञ्चालन सम्बन्धी कार्य गर्ने,

(ङ) नेपालमा बृहत अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजनाको लागि पहल गर्ने,

(च) आई.ओ.सी. छाता अन्तर्गतका बृहत अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालको सहभागिताको लागि आवश्यक व्यवस्था मिलाउने।

[▽]**१४क. <u>परिषद्सँग समन्वय तथा परामर्श गर्नु पर्नेः</u>** परिषद्मा दर्ता भएको ओलम्पिक कमिटीले देहायको कार्य गर्दा परिषद्सँग समन्वय तथा परामर्शमा गर्नु पर्नेछः-

(क) ओलम्पिक कमिटीमा आबद्ध राष्ट्रिय खेल सङ्घ वा महासङ्घमा सुशासन कायम गर्ने सम्बन्धमा कुनै कार्य गर्दा,

(ख) आफ्नो विधान संशोधन गर्दा ।

[▽]**१४ख. <u>मन्त्रालयको सहमति लिनु पर्नेः</u>** परिषद्मा दर्ता भएको ओलम्पिक कमिटीले अन्तर्राष्ट्रिय मञ्चमा प्रतिनिधित्व गर्नु पर्दा परिषद्को सिफारिसमा मन्त्रालयको सहमति लिनु पर्नेछ।

**१५. <u>वार्षिक प्रतिवेदनः</u>** ओलम्पिक कमिटी, पारा ओलम्पिक कमिटी, विशेष ओलम्पिक कमिटी र अन्य प्रकृतिका ओलम्पिक कमिटीले प्रत्येक वर्ष आफूले सम्पादन गरेका काम कारबाही र आय व्ययको विवरण तथा परिषद्ले निर्धारण गरेको अन्य विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र परिषद्मा पेश गर्नु पर्नेछ।

## परिच्छेद-५

## <u>राष्ट्रिय एन्टीडोपिङ एजेन्सी</u>

**१६. <u>राष्ट्रिय एन्टीडोपिङ एजेन्सीको गठनः</u>** (१) ऐनको दफा ४३ को उपदफा (१) बमोजिम खेलकुदमा प्रतिबन्धित औषधि सेवन विरूद्ध कार्य गर्नको लागि देहाय बमोजिमको राष्ट्रिय एन्टीडोपिङ एजेन्सी रहनेछ :-

(क) खेलकुदमा प्रतिबन्धित औषधि विरूद्धको कार्यमा अनुभव प्राप्त व्यक्तिहरुमध्येबाट नेपाल सरकारले मनोनयन गरेको एकजना -संयोजक

(ख) खेलकुदमा प्रतिबन्धित औषधि विरूद्धको कार्यमा अनुभवी एवम् विज्ञ व्यक्तिमध्येबाट परिषद्को सिफारिसमा मन्त्रालयले मनोनयन गरेको एकजना -सदस्य

(ग) चिकित्सक प्रतिनिधि, नेपाल मेडिकल काउन्सिल -सदस्य

(घ) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट कानूनमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरी कानून वा न्यायको क्षेत्रमा कम्तीमा दश वर्ष अनुभव भएका व्यक्तिहरूमध्येबाट मन्त्रालयले मनोनयन गरेको एक जना -सदस्य

---

▽ दोस्रो संशोधनद्वारा थप।

♦(घ१) खेलकुदको विकासमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिहरुमध्येबाट मन्त्रालयले मनोनयन गरेको एकजना -सदस्य

♥(ङ) एजेन्सीको सचिवालयमा कार्यरत अधिकृतस्तरका कर्मचारीहरुमध्येबाट वरिष्ठतम् कर्मचारी -सचिव

(२) उपनियम (१) को ♥खण्ड (क), (ख), (घ) र (घ१) बमोजिम मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एजेन्सीको मनोनित सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा, एजेन्सीको हित विपरीत कुनै काम गरेमा वा पद अनुरुपको आचरण नगरेमा ♥संयोजकलाई नेपाल सरकारले र सदस्यलाई मन्त्रालयले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

♥(४) एजेन्सीको सचिवालय एजेन्सीले तोकेको स्थानमा रहनेछ।

१७. **एजेन्सीको काम, कर्तव्य र अधिकारः** एजेन्सीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

♥(क) एजेन्सीको वार्षिक कार्यक्रम स्वीकृत गर्ने,

(ख) स्वीकृत कार्यक्रमको कार्यान्वयन गर्ने, गराउने,

(ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगिताको आयोजना एवं सहभागिताका लागि प्रतिबन्धित औषधि सेवन विरुद्ध कार्य गर्ने, गराउने,

(घ) खेलकुदमा प्रतिबन्धित औषधि सेवन विरुद्ध अध्ययन, अनुसन्धान, तालिम तथा गोष्ठी आयोजना गर्ने,

(ङ) खेलकुदमा प्रतिबन्धित औषधि सेवन विरुद्ध कार्यका लागि सङ्घ, प्रदेश र स्थानीय तहका सम्बन्धित निकायहरुबीच समन्वय र सहकार्य गर्ने,

(च) एन्टीडोपिङ प्रयोगशाला स्थापना र सञ्चालनको व्यवस्था मिलाउने,

(छ) खेलकुदमा प्रतिबन्धित औषधि सेवन विरुद्धको कार्यको समन्वय र सहकार्यका लागि अस्पतालहरुसँग आवश्यकता अनुसार सम्झौता गर्ने,

---

♦ पहिलो संशोधनद्वारा थप।

♥ पहिलो संशोधनद्वारा संशोधित।

(ज) खेलकुदमा प्रतिबन्धित औषधि सेवन विरुद्ध काम गर्नका लागि आवश्यक जनशक्ति (डोपिङ अफिसर) व्यवस्थापन गर्ने,

(झ) सङ्घ, प्रदेश र स्थानीय तह मार्फत खेलकुदमा प्रतिबन्धित औषधि सेवन विरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ञ) राष्ट्रिय खेल सङ्घमा एन्टीडोपिङ सम्बन्धी काम गर्ने सम्पर्क व्यक्ति तोक्न लगाई अभिलेख व्यवस्थापन गर्ने र सम्पर्क व्यक्तिहरुका लागि तालिम सञ्चालन गर्ने, गराउने,

(ट) अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा भाग लिन जाने खेलाडी, प्रशिक्षक तथा अन्य पदाधिकारीका लागि ओलम्पिक कमिटीको समन्वयमा एन्टीडोपिङ सम्बन्धी विषयमा अभिमुखीकरण गर्ने,

(ठ) विभिन्न स्तरमा आयोजना हुने खेल प्रतियोगिता सञ्चालन गर्दा पालना गर्नु पर्ने एन्टीडोपिङ सम्बन्धी आधारभुत विषयको मापदण्ड तोक्ने, अनुगमन गर्ने र सुधारको लागि सिफारिस गर्ने।

**१८. एजेन्सीको बैठक सम्बन्धी कार्यविधिः** (१) एजेन्सीको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) एजेन्सीको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) एजेन्सीको बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) एजेन्सीको निर्णय संयोजक र ♥एजेन्सीको सचिवले प्रमाणित गर्नेछ।

(५) एजेन्सीको बैठक सम्बन्धी अन्य कार्यविधि एजेन्सी आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

**१९.** कर्मचारी सम्बन्धीः एजेन्सीको सचिवालय सञ्चालन तथा व्यवस्थापनका लागि ♥मन्त्रालयले आवश्यक कर्मचारी खटाउनेछ।

## परिच्छेद-६

## खेलकुद पूर्वाधार निर्माण तथा समन्वय र सहकार्य

**२०. खेलकुद पूर्वाधार निर्माणः** (१) नेपाल सरकारले घोषणा गरेका ठूला तथा राष्ट्रिय स्तरका खेलकुद पूर्वाधारको निर्माण तथा मर्मत सम्भार मन्त्रालय आफैंले गर्न वा परिषद्‌मार्फत गराउन सक्नेछ।

♥ पहिलो संशोधनद्वारा संशोधित।

(२) उपनियम (१) को अधीनमा रही परिषद्ले प्रत्येक प्रदेशमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल प्रतियोगिता सञ्चालन गर्न सकिने अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको बहुउपयोगी खेलकुद पूर्वाधार निर्माण गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम निर्माण गरेका खेलकुद पूर्वाधारको सञ्चालन, रेखदेख र संरक्षण परिषद्बाट हुनेछ।

(४) परिषद्को स्वामित्वमा रहेका खेलकुदका भौतिक पूर्वाधार नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबीचको आपसी समन्वय र सहकार्यमा परिषद्ले प्रदेश वा स्थानीय तहमा हस्तान्तरण गर्न सक्नेछ।

(५) परिषद्ले सार्वजनिक निजी क्षेत्रको साझेदारी तथा लगानीमा खेलकुद पूर्वाधार निर्माणको कुनै परियोजना कार्यान्वयन गर्दा मन्त्रालयको स्वीकृति लिई प्रचलित कानून बमोजिम कार्यान्वयन गर्न सक्नेछ।

(६) परिषद्ले मन्त्रालयको स्वीकृति लिई सार्वजनिक, निजी, गैरसरकारी, सहकारी र सामुदायिक सङ्घ संस्थासँगको साझेदारी तथा लगानीबाट खेलकुदको लागि आवश्यक पूर्वाधारको विकास गर्न र खेलकुद प्रतियोगिताको आयोजना, खेल सामग्रीको खरिद, खेल प्रशिक्षण, खेलाडी सचेतना तथा अन्य आवश्यक तालिम कार्यक्रम लगायतका खेलकुद क्षेत्रको विकास सम्बन्धी कार्य प्रचलित कानून बमोजिम गर्न सक्नेछ।

२१. **समन्वय र सहकार्यः** (१) खेलकुद पूर्वाधारहरुको विकास, व्यवस्थापन र प्रतियोगिता सञ्चालन गर्दा स्थानीय तहले प्रदेश सरकारसँग, प्रदेश सरकारले मन्त्रालय, परिषद् र सम्बन्धित खेल सङ्घसँग समन्वय गर्नु पर्नेछ।

(२) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिताको तयारीका लागि सञ्चालन गरिने खेलाडी प्रशिक्षण कार्यलाई एकरुपताका लागि केन्द्रीय प्रशिक्षण प्रणाली अन्तर्गत सङ्घ, प्रदेश र स्थानीय स्तर, ओलम्पिक कमिटी, पारा ओलम्पिक कमिटी, विशेष ओलम्पिक कमिटी र सम्बन्धित खेल सङ्घसँग समन्वय गरी सञ्चालन गर्नु पर्नेछ।

(३) अन्तर्राष्ट्रिय प्रतियोगिता तथा बृहत खेलकुद आयोजनाका लागि ओलम्पिक कमिटी, पारा ओलम्पिक कमिटी, विशेष ओलम्पिक कमिटी र सम्बन्धित खेल सङ्घसँग समन्वय गरी स्थानीयस्तरको प्रतियोगिता स्थानीय तहले, जिल्ला तथा प्रदेशस्तरीय प्रतियोगिता प्रदेशले र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता परिषद्ले गर्नेछ।

(४) परिषद्ले राष्ट्रिय प्रतियोगिता आयोजना गर्दा सम्बन्धित खेल सङ्घ, प्रदेश तथा स्थानीय तहमा आवश्यक समन्वय तथा सहकार्य गर्नु पर्नेछ।

(५) परिषद्ले अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्दा ओलम्पिक कमिटी, पारा ओलम्पिक कमिटी, विशेष ओलम्पिक कमिटी, सम्बन्धित खेल सङ्घ, प्रदेश तथा स्थानीय तहमा आवश्यक समन्वय तथा सहकार्य गर्नु पर्नेछ।

(६) उपनियम (५) बमोजिमको कार्यमा ओलम्पिक कमिटी, पारा ओलम्पिक कमिटी, विशेष ओलम्पिक कमिटी, सम्बन्धित खेल सङ्घ, स्थानीय तह तथा प्रदेशले परिषद्लाई आवश्यक सहयोग र सहकार्य गर्नु पर्नेछ।

(७) स्थानीय तह र प्रदेशले आफ्नो खेल गतिविधि सम्बन्धी वार्षिक कार्य तालिकाको जानकारी परिषद्लाई गराउनु पर्नेछ।

(८) परिषद्ले स्थानीय तह र प्रदेशको खेल गतिविधि समेत समावेश गरी खेलकुद सम्बन्धी वार्षिक कार्य तालिका बनाई स्थानीय तह र प्रदेशलाई समयमा नै उपलब्ध गराउनु पर्नेछ।

(९) खेलकुद पूर्वाधारहरुको निर्माण, उपयोग, सञ्चालन, मर्मत सम्भार तथा व्यवस्थापन सम्बन्धी कार्यको लागि स्थानीय तह, प्रदेश तथा परिषद्ले एक आपसमा तय भएको सर्त तथा मापदण्ड बमोजिमको समझदारी गरी सम्झौता गर्न सक्नेछ।

## परिच्छेद-७

## खेलाडी कल्याणकारी कोष

२२. **खेलाडी कल्याणकारी कोषः** (१) ऐनको दफा ५० को उपदफा (१) बमोजिमको खेलाडी कल्याणकारी कोषमा देहायका रकम रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) परिषद्बाट प्राप्त रकम,

(ग) स्वदेशी सङ्घ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) विदेशी सरकार वा अन्तर्राष्ट्रिय सङ्घ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(२) उपनियम (१) को खण्ड (घ) बमोजिमको रकम प्राप्त गर्नु अगाडि नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(३) कोषमा रहने रकम नेपालभित्रको कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गर्नु पर्नेछ।

नेपाल कानून आयोग

(४) उपनियम (३) बमोजिम बैङ्कमा जम्मा भएको रकममा अधिकतम प्रतिफलको लागि कम्तीमा वर्षको एक पटक वाणिज्य बैङ्कहरु बीचमा प्रतिस्पर्धाको आधारमा छानिएको वाणिज्य बैङ्कमा मुद्दती खाता खोली जम्मा गर्नु पर्नेछ।

(५) कोषको खाता सदस्य-सचिव वा निजले तोकेको अधिकृत कर्मचारी र परिषद्को लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(६) उपनियम (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि सदस्य-सचिव पदमा बहाल नरहेको अवस्थामा परिषद्को प्रशासन विभागको प्रमुख र लेखा प्रमुखको संयुक्त दस्तखतमा कोषको खाता सञ्चालन गर्न सकिनेछ।

२३. **कोषको प्रयोगः** (१) कोषमा जम्मा भएको रकमको ब्याजबाट राष्ट्रिय खेलाडी तथा प्रशिक्षकको कल्याणकारी कार्यका लागि ऐनको दफा ५० को उपदफा (१) मा उल्लिखित कार्यका अतिरिक्त देहाय बमोजिमका कार्यमा प्रयोग गरिनेछ :-

(क) दुर्घटनामा परेका खेलाडी तथा प्रशिक्षकलाई सहयोग गर्न,

(ख) खेलाडी तथा प्रशिक्षकलाई कडा रोग लागेमा आर्थिक सहायता दिन।

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि "कडा रोग" भन्नाले मुटु रोग, मृगौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर्स, स्पाइनल इन्जुरी, हेड इन्जुरी र सिकलेस एनिमिया रोगहरू सम्झनु पर्छ।

(२) उपनियम (१) बमोजिमको कार्यमा कोषको रकम प्रयोग गर्दा समितिले परिषद्ले बनाएको मापदण्ड बमोजिम गर्नेछ।

## परिच्छेद-८
## विविध

२४. **कर्मचारी समायोजनः** (१) परिषद्का कर्मचारीलाई सङ्घ, प्रदेश र स्थानीय तहका खेलकुद सम्बन्धी संरचनामा समायोजन गर्ने प्रयोजनको लागि परिषद्ले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको प्रतिवेदन तयार गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको प्रतिवेदन तयार गर्दा सङ्घ, प्रदेश र स्थानीय तहमा समायोजन हुने पदहरुको विस्तृत विवरण तयार गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहका खेलकुद सम्बन्धी संरचनामा समायोजन हुने पदहरुमा समायोजन हुन चाहने कर्मचारीबाट परिषद्ले निवेदन माग गर्ने गरी सूचना प्रकाशन गर्नु पर्नेछ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि परिषद्मा कार्यरत स्थायी कर्मचारीले समायोजन हुन चाहेको सम्बन्धित प्रदेश वा स्थानीय तहको सहमति लिई आएमा परिषद्ले सोही प्रदेश वा स्थानीय तहमा समायोजन गर्न सक्नेछ।

(५) यस नियम बमोजिम परिषद्का स्थायी कर्मचारीहरुको समायोजन गर्दा प्रचलित कानून बमोजिम तह मिलानको आधार लिइनेछ।

(६) यस नियम बमोजिम प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन भएमा वा जुनसुकै कारणबाट प्रदेश र स्थानीय तहमा समायोजन हुने पदहरु रिक्त भएमा सो पदको दरबन्दी स्वत: खारेज हुनेछ।

(७) यस नियम बमोजिम समायोजन हुन नसकेमा परिषद्का कर्मचारी व्यवस्थापनको लागि परिषद्ले प्रदेश तथा स्थानीय तहका खेलकुद सम्बन्धी संरचनामा कामकाज गर्ने गरी खटाउनेछ।

२५. **खेलकुद प्रतियोगितामा भाग लिन नपाउने अवधि**ः कुनै खेलाडीले ऐनको दफा ३२ को खण्ड (क) बमोजिम कसूर गरेमा ऐनको दफा ३३ को खण्ड (क) मा उल्लेख भएबमोजिम निजले सेवन गरेको प्रतिबन्धित औषधिको मात्रा र प्रकृति अनुसार त्यस्तो खेलाडीलाई बढीमा छ महिनाको लागि कुनै पनि खेलकुद प्रतियोगितामा भाग लिन नपाउने गरी रोक लगाइनेछ।

२६. **प्रतिष्ठानलाई प्रोत्साहन गर्न सक्ने**ः ऐनको दफा ४० को उपदफा (२) बमोजिम कम्तीमा बीसजना खेलाडी वा पूर्व खेलाडीलाई रोजगारी दिने सङ्घ संस्था, वाणिज्य बैङ्क वा औद्योगिक प्रतिष्ठानलाई मन्त्रालयले देहाय बमोजिम प्रोत्साहन गर्न सक्नेछ :-

(क) कदरपत्र तथा सम्मानपत्र प्रदान गर्ने,

(ख) मन्त्रालयबाट निर्धारित उपयुक्त अन्य प्रोत्साहन प्रदान गर्ने।

२७. **पुरस्कार तथा सम्मानको लागि निवेदन दिनु पर्ने**ः (१) ♥देहायका प्रतियोगितामा स्वर्ण, रजत र कास्य पदक जस्ता पदक प्रदान गरिनेमा त्यस्ता पदक प्राप्त गर्ने र त्यस्ता पदक प्रदान नगरिने खेलकुद प्रतियोगिताको हकमा त्यस्तो खेलमा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने खेलाडी तथा त्यस्तो खेलको प्रशिक्षक, सहायक प्रशिक्षक, फिजियो वा चिकित्सक र व्यवस्थापकलाई मन्त्रालयबाट प्रदान गरिने पुरस्कार तथा सम्मानको लागि सम्बन्धित खेल सङ्घले खेलकुद प्रतियोगिता सम्पन्न भएको पन्ध्र दिनभित्र समिति समक्ष निवेदन दिनु पर्नेछः-

(क) ओलम्पिक प्रतियोगिता,

(ख) एशियन खेलकुद प्रतियोगिता,

(ग) दक्षिण एशियाली खेलकुद प्रतियोगिता,

(घ) च्याम्पियनसिप खेलकुद प्रतियोगिता,

♥ पहिलो संशोधनद्वारा संशोधित।

(ङ) अन्तर्राष्ट्रिय मान्यता प्राप्त अन्य अन्तर्राष्ट्रिय वा क्षेत्रीय खेलकुद प्रतियोगिता,

(च) क्रिकेट प्रतियोगिता।

(२) उपनियम (१) बमोजिमको निवेदन दिँदा देहायका विवरण संलग्न गर्नु पर्नेछः-

(क) खेलकुद प्रतियोगितामा आयोजकबाट प्रदान गरिएको प्रमाणपत्रको प्रतिलिपि,

(ख) प्रतियोगितामा भाग लिन परिषद्लाई जानकारी गराएको वा परिषद्को स्वीकृतिमा गएको प्रमाण,

(ग) परिषद् र सम्बन्धित खेल सङ्घको सिफारिस,

(घ) सम्मान र पुरस्कार पाउने खेलाडी, प्रशिक्षक, सहायक प्रशिक्षक, फिजियो वा चिकित्सक र व्यवस्थापकको नाममा परिषद्मा पेश्की फछ्र्यौट गर्न बाँकी तथा बेरुजु नभएको भनी परिषद्ले गरेको सिफारिस,

(ङ) सम्बन्धित खेलाडी, प्रशिक्षक, सहायक प्रशिक्षक, फिजियो वा चिकित्सक र व्यवस्थापकले नेपाल सरकारलाई तिर्न बुझाउन कुनै बेरुजु वा अन्य रकम बाँकी नरहेको भन्ने स्वघोषणा।

(३) उपनियम (१) बमोजिमका प्रतियोगितामा ♥पदक प्राप्त गरेका वा त्यस्तो पदक प्रदान नगरिने खेलको हकमा प्रथम, द्वितीय वा तृतीय स्थान हासिल गरेका खेलाडीलाई सहभागी गराउने सम्बन्धित खेल सङ्घले पुरस्कार तथा सम्मानको लागि खेलकुद प्रतियोगिता सम्पन्न भएको पन्ध्र दिनभित्र देहायका विवरण संलग्न गरी समिति समक्ष निवेदन दिनु पर्नेछः-

(क) प्रचलित कानून बमोजिम दर्ता तथा नवीकरण भएको प्रमाणको प्रतिलिपि,

(ख) अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण सम्पन्न गरेको कागजातको प्रतिलिपि,

(ग) परिषद्लाई सम्बन्धित सङ्घले तिर्न बुझाउन पर्ने कुनै रकम वा बेरुजु नभएको भनी परिषद्ले गरेको सिफारिस,

(घ) नेपाल सरकारलाई तिर्न बुझाउन कुनै बेरुजु वा अन्य रकम बाँकी नरहेको भन्ने सम्बन्धित खेल सङ्घको प्रमुखले गरेको स्वघोषणा।

♥ पहिलो संशोधनद्वारा संशोधित।

(४) उपनियम (१) र (३) बमोजिम प्राप्त निवेदन र विवरण उपर आवश्यक जाँचबुझ गर्दा उपयुक्त देखिएमा समितिले प्रतियोगितामा संलग्न खेलाडी, प्रशिक्षक, सहायक प्रशिक्षक, फिजियो वा चिकित्सक, व्यवस्थापक र खेल सङ्घलाई पुरस्कार तथा सम्मान गर्नको लागि देहायका विवरण संलग्न गरी मन्त्रालय समक्ष सिफारिस गर्नु पर्नेछ :-

(क) पुरस्कार र सम्मानको लागि सिफारिस गरिएका खेलाडी, व्यक्ति र खेल सङ्घको नाम र ठेगाना,

♥(ख) प्राप्त गरेको पदक वा हासिल गरेको स्थान र खेलको नाम,

♥(ग) पदक प्राप्त गरेको वा प्रथम, द्वितीय वा तृतीय स्थान हासिल गरेको खेलकुद प्रतियोगिताको नाम,

(घ) समितिको सिफारिस।

(५) यस नियम बमोजिम पुरस्कार तथा सम्मान प्राप्त गर्ने प्रयोजनको लागि गरिने सिफारिसको लागि अपनाउनु पर्ने अन्य प्रक्रिया मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

२८. **पुरस्कार तथा सम्मान**: (१) मन्त्रालयले नियम २७ बमोजिम समितिले सिफारिस गरेका खेलाडी, प्रशिक्षक, सहायक प्रशिक्षक, फिजियो वा चिकित्सक, व्यवस्थापक र सम्बन्धित खेल सङ्घलाई पुरस्कार दिन र सम्मान पत्र प्रदान गर्नको लागि त्यस्तो खेलाडी, प्रशिक्षक, सहायक प्रशिक्षक, फिजियो वा चिकित्सक, व्यवस्थापक र सम्बन्धित खेल सङ्घको सूची तयार गरी स्वीकृतिको लागि नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष पेश गर्नु पर्नेछ।

(२) नेपाल सरकार, मन्त्रिपरिषद्ले उपनियम (१) बमोजिम पेश हुन आएको सूचीउपर आवश्यक अध्ययन गर्दा उपयुक्त देखिएमा त्यस्तो सूचीमा नाम समावेश भएका खेलाडी, प्रशिक्षक, सहायक प्रशिक्षक, फिजियो वा चिकित्सक, व्यवस्थापक र सम्बन्धित खेल सङ्घलाई पुरस्कार तथा सम्मान गर्नको लागि स्वीकृति दिन सक्नेछ।

(३) नेपाल सरकार, मन्त्रिपरिषद्बाट उपनियम (२) बमोजिम स्वीकृति प्राप्त भएपछि मन्त्रालयले स्वीकृत सूचीमा नाम समावेश भएका खेलाडी, प्रशिक्षक, सहायक प्रशिक्षक, फिजियो वा चिकित्सक, व्यवस्थापक र सम्बन्धित खेल सङ्घलाई औपचारिक कार्यक्रमको आयोजना गरी अनुसूची-४ बमोजिमको पुरस्कार रकम र सम्मानपत्रले सम्मान गर्नेछ।

♥(४) नेपाल सरकारले ओलम्पिक प्रतियोगितामा कुनै पदक, एसियन खेलकुद प्रतियोगितामा कम्तीमा एउटा स्वर्ण पदक वा अन्य कुनै दुईवटा पदक वा दक्षिण एसियाली खेलकुद प्रतियोगिताको अफिसियल खेलमा कम्तीमा तीन वटा स्वर्ण पदक प्राप्त गरेका खेलाडीलाई निजहरुको जीवनभर एक पटकको लागि आवास सुविधा बापत एकमुष्ट पच्चीस लाख रुपैयाँ प्रदान गर्न सक्नेछ।

---

♥ पहिलो संशोधनद्वारा संशोधित।

♥(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि छ वा सो भन्दा बढी देशको सहभागिता भएको प्रतियोगितामा स्वर्ण, रजत वा कास्य पदक प्राप्त गर्नेलाई वा पदक प्रदान नगरिने खेलमा प्रथम, द्वितीय वा तृतीय स्थान हासिल गर्नेलाई चार वा पाँच देशको सहभागिता भएको प्रतियोगितामा स्वर्ण वा रजत पदक प्राप्त गर्नेलाई वा पदक प्रदान नगरिने खेलमा प्रथम वा द्वितीय स्थान हासिल गर्नेलाई तथा तीन देशको सहभागिता भएको प्रतियोगिताको हकमा स्वर्ण पदक प्राप्त गर्ने वा पदक प्रदान नगरिने खेलमा प्रथम स्थान हासिल गर्नेलाई मात्र सम्मान तथा पुरस्कार प्रदान गरिनेछ।

(६) उपनियम (३) बमोजिमको पुरस्कार रकम प्राप्त गर्ने प्रशिक्षक, सहायक प्रशिक्षक, फिजियो वा चिकित्सक र व्यवस्थापक एकभन्दा बढी भएमा अनुसूची-४ मा उल्लेख गरिएको पुरस्कार रकमलाई उपस्थित सङ्ख्याको आधारमा बराबर विभाजन गरी हुन आउने रकम पुरस्कारको रुपमा प्रदान गरिनेछ।

♥(७) उपनियम (३) बमोजिम पुरस्कार प्रदान गरिने प्रतियोगिताको व्यक्तिगत प्रतिस्पर्धामा पदक प्राप्त गर्ने वा पदक प्रदान नगरिने खेलमा प्रथम, द्वितीय वा तृतीय स्थान हासिल गर्ने प्रशिक्षक र सहायक प्रशिक्षक दुवै समावेश भएमा प्रशिक्षकको लागि अनुसूची-४ मा उल्लेख गरिएको पुरस्कार रकमलाई साठी चालिस अनुपात (६०:४०) मा विभाजन गरी हुन आउने रकम पुरस्कारको रुपमा प्रदान गरिनेछ।

♥(८) नेपाल सरकार वा परिषद्बाट राष्ट्रियस्तरमा औपचारिक रुपमा आयोजना गरिएका राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्ने वा पदक प्रदान नगरिने खेलमा प्रथम, द्वितीय वा तृतीय स्थान हासिल गर्ने खेलाडीलाई समिति तथा मन्त्रालयको सिफारिसमा नेपाल सरकारले पुरस्कार र सम्मानपत्र प्रदान गर्नेछ।

(९) उपनियम (८) बमोजिम प्रदान गरिने पुरस्कारको रकम नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

२९. **<u>परिषद्को छाप</u>:** (१) परिषद्को छाप अनुसूची-५ बमोजिम हुनेछ।

(२) उपनियम (१) बमोजिमको परिषद्को छापको आकार र छापमा प्रयोग हुने रङ्ग परिषद्ले निर्धारण गरे बमोजिम हुनेछ।

(३) परिषद्को तर्फबाट जारी गरिने जुनसुकै कागजपत्रमा परिषद्को छाप हुनु पर्नेछ।

३०. **<u>शपथ</u>:** (१) परिषद्को उपाध्यक्ष र सदस्यमा मनोनित पदाधिकारी तथा सदस्य-सचिवले आफ्नो पदभार ग्रहण गर्नु अघि अनुसूची-६ बमोजिमको ढाँचामा परिषद्का अध्यक्ष समक्ष पद तथा गोपनियताको शपथग्रहण गर्नु पर्नेछ।

---

♥ पहिलो संशोधनद्वारा संशोधित।

(२) खेलकुद प्रतियोगिताका जज, रेफ्री, अम्पायरले अनुसूची-७ र खेलाडीले अनुसूची-८ बमोजिमको ढाँचामा शपथग्रहण गर्नु पर्नेछ।

३१. **अनुसूचीमा हेरफेर गर्न सक्ने**: नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ।

३२. **खारेजी र बचाउ:** (१) खेलकुद विकास नियम, २०४९, राष्ट्रिय खेलाडी कल्याणकारी कोष नियमावली, २०६८ र खेलकुद पुरस्कार तथा सम्मान कार्यविधि, २०७२ खारेज गरिएको छ।

(२) उपनियम (१) बमोजिम खारेज गरिएका नियम, नियमावली तथा कार्यविधि बमोजिम भए गरेका काम कारबाहीहरु यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

(३) राष्ट्रिय खेलाडी कल्याणकारी कोष नियमावली, २०६८ बमोजिमको कोषमा रहेको रकम ऐनको दफा ५० को उपदफा (१) बमोजिमको खेलाडी कल्याणकारी कोषमा सर्नेछ।

नेपाल कानून आयोग

अनुसूची-१

(नियम ९ को उपनियम (१), नियम १० को उपनियम (२), नियम ११ को उपनियम (२), नियम १३ को उपनियम (१) र ▽नियम १३क. को उपनियम (२) सँग सम्बन्धित)

**राष्ट्रिय खेल सङ्घ वा महासङ्घको दर्ता, दर्ता नवीकरण र अद्यावधिक दस्तुर र ओलम्पिक कमिटी, पारा ओलम्पिक कमिटी, विशेष ओलम्पिक र अन्य प्रकृतिका ओलम्पिक कमिटीको दर्ता दस्तुर**

| क्र.सं. | विवरण | दर्ता दस्तुर रु | नवीकरण दस्तुर रु | विवरण स्वीकृति वा अद्यावधिक दस्तुर रु |
|---|---|---|---|---|
| १ | राष्ट्रिय खेल सङ्घ वा महासङ्घ | १०,०००।- | ५,०००।- | ५,०००।- |
| २ | ओलम्पिक कमिटी र अन्य प्रकृतिका ओलम्पिक कमिटी | १०,०००।- | ५,०००।- | ५,०००।- |
| ३ | पारा ओलम्पिक कमिटी र विशेष ओलम्पिक कमिटी | ५,०००।- | ५,०००।- | ५,०००।- |

▽ दोस्रो संशोधनद्वारा थप।

अनुसूची-२

(नियम ९ को उपनियम (१) र नियम १३ को उपनियम (१) सँग सम्बन्धित)

## राष्ट्रिय खेल सङ्घ वा महासङ्घ, ओलम्पिक कमिटी, पारा ओलम्पिक कमिटी, विशेष ओलम्पिक कमिटी र अन्य प्रकृतिका ओलम्पिक कमिटी दर्ताको लागि निवेदनको ढाँचा

श्री राष्ट्रिय खेलकुद परिषद्,
त्रिपुरेश्वर, काठमाडौं।

**विषयः दर्ता सम्बन्धमा**

महोदय,

प्रस्तुत विषयमा .... (*दर्ता गर्न खोजिएको कुन सङ्घ वा कमिटी हो त्यसको नाम उल्लेख गर्ने*) राष्ट्रिय खेलकुद परिषद्मा दर्ताको लागि देहायको विवरण सहित आवश्यक कागजात संलग्न गरी निवेदन गर्दछु।

१ नाम:

२ ठेगाना:

३ स्थापना भएको मिति:

४ कानून बमोजिम दर्ता भएको प्रमाण:

५ कार्यकारिणी समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा:

६ विधान निवेदन साथ संलग्न छ/छैन:

७ सम्बन्धित अन्तर्राष्ट्रिय निकायसँग आवद्ध भए सोको प्रमाण:

८ ऐन तथा यस नियमावलीले तोकेका आवश्यक कागजात र विवरण:

माथि लेखिएको ब्यहोरा ठिक साँचो छ। झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

निवेदक

नाम.....................

पद.......................

मिति.....................

दस्तखत..................

नेपाल कानून आयोग

www.lawcommission.gov.np

अनुसूची-३

(नियम ९ को उपनियम (२) र नियम १३ को उपनियम (२) सँग सम्बन्धित)

## राष्ट्रिय खेल सङ्घ वा महासङ्घ, ओलम्पिक कमिटी, पारा ओलम्पिक कमिटी, विशेष ओलम्पिक कमिटी र अन्य प्रकृतिका ओलम्पिक कमिटी दर्ता प्रमाणपत्रको ढाँचा

"स्वास्थ्यको लागि खेलकुद, राष्ट्रको लागि खेलकुद"

"Sports for Health, Sports for Nation"

**राष्ट्रिय खेलकुद परिषद्**

**National Sports Council**

त्रिपुरेश्वर, काठमाण्डौ, नेपाल

Tripureswor, Kathmandu, Nepal

**दर्ता प्रमाण-पत्र**

**Certificate of Registration**

राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ बमोजिम ............................................................................ ओलम्पिक कमिटी/पारा ओलम्पिक कमिटी/ विशेष ओलम्पिक कमिटी/अन्य प्रकृतिका ओलम्पिक कमिटी/ राष्ट्रिय खेल सङ्घ/महासङ्घ राष्ट्रिय खेलकुद परिषद्को लगतमा दर्ता भएकोले यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

This certificate of registration has been issued to ..................................................Olympic Committee/ Para Olympic Committee/ Special Olympic Committee/ National Sports Association/ Federation under the National Sports Development Act, 2077 (2020 A.D)

दर्ता नम्बर : ......................... मिति : ...........................

Registration No : ......................... Date : .................................

| | |
|---|---|
| प्रमुख | सदस्य- सचिव |
| Chief | Member Secretary |
| खेलकुद विकास विभाग | राष्ट्रिय खेलकुद परिषद् |
| Sports Development Department | National Sports Council |

नेपाल कानून आयोग

# ↔अनुसूची-४

(नियम २८ को उपनियम (३), (६) र (७) सँग सम्बन्धित)

## पुरस्कार रकम

(क) ओलम्पिक प्रतियोगिता, एशियन खेलकुद प्रतियोगिता, दक्षिण एशियाली खेलकुद प्रतियोगिता तथा अन्तर्राष्ट्रिय मान्यताप्राप्त अन्य अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्नेलाई प्रदान गरिने पुरस्कार रकम

| विवरण | | खेलाडीलाई प्रदान गरिने (व्यक्तिगत प्रतिस्पर्धा) पुरस्कार रकम (रुपैयाँमा) | खेलाडीलाई प्रदान गरिने (सामूहिक प्रतिस्पर्धा) पुरस्कार रकम जनही (रुपैयाँमा) | प्रशिक्षकलाई प्रदान गरिने पुरस्कार रकम (रुपैयाँमा) | सहायक प्रशिक्षक, व्यवस्थापक, फिजियो वा चिकित्सकलाई प्रदान गरिने पुरस्कार रकम (रुपैयाँमा) | खेल सङ्घलाई प्रदान गरिने पुरस्कार रकम (रुपैयाँमा) |
|---|---|---|---|---|---|---|
| खेलकुद प्रतियोगिता | पदक | | | | | |
| १. ओलम्पिक खेल (गृष्मकालीन/शीतकालीन/पारा/विशेष) र विश्वकप फुटबल | स्वर्ण | एक करोड तीस लाख | बाउन्न लाख | तेह्र लाख | छ लाख पचास हजार | उन्नाइस लाख पचास हजार |
| | रजत | सन्तानब्बे लाख | पैंतालीस लाख | सात लाख असी हजार | तीन लाख नब्बे हजार | पन्ध्र लाख साठी हजार |
| | कास्य | पैंसट्ठी लाख | छब्बीस लाख | पाँच लाख | दुई लाख बयानब्बे | एघार लाख सत्तरी |

↔ दोस्रो संशोधनद्वारा संशोधित।

नेपाल कानून आयोग

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | पचासी हजार | हजार | हजार |
| २. युथ ओलम्पिक गेम्स (गृष्मकालीन र शीतकालीन) | स्वर्ण | पैंसठ्ठी लाख | छब्बिस लाख | सात लाख पचास हजार | तीन लाख | नौ लाख पचहत्तर हजार |
| | रजत | अठ्चालिस लाख पचास हजार | तेइस लाख पचास हजार | चार लाख नब्बे हजार | एक लाख पन्चानब्बे हजार | सात लाख असी हजार |
| | कास्य | बत्तिस लाख पचास हजार | तेह्र लाख | तीन लाख नब्बे हजार | एक लाख छयालिस हजार | पाँच लाख पचासी हजार |
| ३. विश्व ओलम्पिक कमिटीद्वारा मान्यता प्राप्त खेलका अन्तर्राष्ट्रिय महासंघका विश्व स्तरीयका आधिकारिक च्याम्पियनसिप तथा राष्ट्रिय खेलकुद परिषद्मा दर्ता भएका सङ्को सम्बन्धित अन्तर्राष्ट्रिय महासङ्घबाट मान्यता प्राप्त विश्व स्तरीय च्याम्पियनसीप | स्वर्ण | पचास लाख पचास हजार | पन्ध्र लाख | छ लाख पचास हजार | तीन लाख पचास हजार | तेह्र लाख |
| | रजत | तीस लाख पचास हजार | आठ लाख पचास हजार | चार लाख नब्बे हजार | दुई लाख पच्चीस हजार | छ लाख पचास हजार |
| | कास्य | बीस लाख | पाँच लाख नब्बे हजार | तीन लाख पचास हजार | एक लाख तीस हजार | तीन लाख नब्बे हजार |
| ४. अन्तर्राष्ट्रिय महासङ्घबाट मान्यता प्राप्त जुनियर (उमेर समूह समतेलाई) | स्वर्ण | सोह्र लाख पच्चीस हजार | छ लाख पचास हजार | तीन लाख पच्चीस हजार | एक लाख बैसट्ठी हजार | छ लाख |

नेपाल कानून आयोग

| | | | | | | |
|---|---|---|---|---|---|---|
| विश्व च्याम्पियनसीप इन्टरनेशनल युनिभर्सिटी स्पोर्ट्स फेडेरेशन गेम्स/ (विश्व विद्यालय समेत) इन्टरनेशनल स्कूल स्पोर्ट्स फेडेरेशन गेम्स | रजत | नौ लाख पचहत्तर हजार | तीन लाख पच्चीस हजार | एक लाख पन्चानब्बे हजार | सन्तानब्बे हजार | तीन लाख पच्चीस हजार |
| | कास्य | छ लाख पचास हजार | एक लाख पन्चानब्बे हजार | एक लाख तीस हजार | साठी हजार | एक लाख पन्चानब्बे हजार |
| ५. एशियन गेम्स | स्वर्ण | बत्तीस लाख पचास हजार | तेह्र लाख | छ लाख पचास हजार | तीन लाख पच्चीस हजार | तेह्र लाख |
| | रजत | उन्नाइस लाख पचास हजार | छ लाख पचास हजार | तीन लाख नब्बे हजार | एक लाख पन्चानब्बे हजार | छ लाख पचास हजार |
| | कास्य | तेह्र लाख | तीन लाख नब्बे हजार | दुई लाख साठी हजार | एक लाख तीस हजार | तीन लाख नब्बे हजार |
| ६. कम्तीमा १२ देशको सहभागिता भएको आइ.एफ.एशियन च्याम्पियनसीप | स्वर्ण | दश लाख | पाँच लाख | तीन लाख | एक लाख | तीन लाख |
| | रजत | छ लाख | तीन लाख | एक लाख असी हजार | साठी हजार | एक लाख असी हजार |
| | कास्य | तीन लाख | एक लाख पचास हजार | नब्बे हजार | तीस हजार | नब्बे हजार |
| ७. कम्तीमा १२ देशको | स्वर्ण | आठ लाख | तीन लाख | दुई लाख | सत्तरी हजार | दुई लाख |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सहभागिता भएको आइ.एफ. जुनियर एशियन च्याम्पियनसीप | रजत | पाँच लाख | दुई लाख | एक लाख पचास हजार | पचास हजार | एक लाख तीस हजार |
| | कास्य | दुई लाख | एक लाख | असी हजार | तीस हजार | असी हजार |
| ८. ओलम्पिक कमिटी अफ एशियाको आयोजनामा हुने एशियन बीच गेम्स | स्वर्ण | आठ लाख | तीन लाख | दुई लाख | सत्तरी हजार | दुई लाख |
| | रजत | पाँच लाख | दुई लाख | एक लाख पचास हजार | पचास हजार | एक लाख तीस हजार |
| | कास्य | दुई लाख | एक लाख | असी हजार | तीस हजार | असी हजार |
| ९. ओलम्पिक कमिटी अफ एशियाको आयोजनामा हुने एशियन मार्सल आर्ट र इनडोर गेम्स | स्वर्ण | आठ लाख | तीन लाख | दुई लाख | सत्तरी हजार | दुई लाख |
| | रजत | पाँच लाख | दुई लाख | एक लाख पचास हजार | पचास हजार | एक लाख तीस हजार |
| | कास्य | दुई लाख | एक लाख | असी हजार | तीस हजार | असी हजार |
| १०. दक्षिण एशियाली गेम्स | स्वर्ण | एघार लाख सत्तरी हजार | सात लाख असी हजार | छ लाख पच्चीस हजार | तीन लाख नब्बे हजार | छ लाख पचास हजार |
| | रजत | सात लाख असी हजार | पाँच लाख बीस हजार | तीन लाख नब्बे हजार | दुई लाख साठी हजार | तीन लाख नब्बे हजार |
| | कास्य | तीन लाख नब्बे हजार | दुई लाख साठी हजार | दुई लाख साठी हजार | एक लाख तीस हजार | दुई लाख साठी हजार |
| ओलम्पिक लगायत अन्तर्राष्ट्रियस्तरका अफिसियल खेलकुद प्रतियोगितामा क्वालिफाइङ चरण पार गर्नेको हकमा माथि उल्लेख भए बमोजिम | | | | | | |

हुने र वाइल्डकार्ड वा सोझै सहभागी हुने खेलकुद प्रतियोगिताहरूको हकमा उल्लिखित रकमको आधा पुरस्कार रकमको व्यवस्था गर्ने।

**(ख) अन्तर्राष्ट्रिय स्तरका क्रिकेट प्रतियोगितामा पदक प्राप्त गर्नेलाई प्रदान गरिने पुरस्कार रकम**

| **विवरण** | | **खेलाडी (सामूहिक प्रतिस्पर्धा)** | **प्रशिक्षक** | **सहायक प्रशिक्षक व्यवस्थापक फिजियो वा चिकित्सक** | **खेल सङ्घलाई** |
|---|---|---|---|---|---|
| **खेलकुद प्रतियोगिता** | **पदक** | **पुरस्कार रकम जनही (रुपैयाँमा)** | **पुरस्कार रकम (रुपैयाँमा)** | **पुरस्कार रकम (रुपैयाँमा)** | **पुरस्कार रकम (रुपैयाँमा)** |
| १. विश्वकप क्रिकेट प्रतियोगिता (सिनियर) | स्वर्ण | बत्तीस लाख पचास हजार | तेह्र लाख | छ लाख पचास हजार | तेह्र लाख |
| | रजत | छब्बीस लाख | सात लाख असी हजार | तीन लाख नब्बे हजार | सात लाख असी हजार |
| | कास्य | उन्नाइस लाख पचास हजार | पाँच लाख पचासी हजार | दुई लाख नब्बे हजार | पाँच लाख पचासी हजार |
| २.विश्वकप क्रिकेट प्रतियोगिता (उमेर समूह) | स्वर्ण | सोह्र लाख | छ लाख | तीन लाख पच्चीस हजार | छ लाख |
| | रजत | नौ लाख साठी हजार | चार लाख | दुई लाख | चार लाख |
| | कास्य | चार लाख असी हजार | दुई लाख | एक लाख | दुई लाख |
| ३.एशियन कप (सिनियर) | स्वर्ण | दश लाख | पाँच लाख | तीन लाख | पाँच लाख |

| | | | | | |
|---|---|---|---|---|---|
| | रजत | छ लाख | तीन लाख | एक लाख असी हजार | तीन लाख |
| | कास्य | तीन लाख | एक लाख पचास हजार | नब्बे हजार | एक लाख पचास हजार |
| ४.क्षेत्रीय एशियाली प्रतियोगिता (सिनियर) | स्वर्ण | पाँच लाख | तीन लाख | दुई लाख | तीन लाख |
| | रजत | तीन लाख | एक लाख असी हजार | एक लाख बीस हजार | एक लाख असी हजार |
| | कास्य | एक लाख पचास हजार | नब्बे हजार | साठी हजार | नब्बे हजार |
| ५. क्षेत्रीय एशियाली प्रतियोगिता (उमेर समूह) | स्वर्ण | तीन लाख | दुई लाख | एक लाख | दुई लाख |
| | रजत | एक लाख असी हजार | एक लाख बीस हजार | साठी हजार | एक लाख बीस हजार |
| ६. एशियन कप (उमेर समूह) | स्वर्ण | आठ लाख | चार लाख | दुई लाख पचास हजार | चार लाख |
| | रजत | चार लाख असी हजार | दुई लाख चालीस हजार | एक लाख पचास हजार | दुई लाख चालीस हजार |
| | कास्य | दुई लाख चालीस हजार | एक लाख बीस हजार | पचहत्तर हजार | एक लाख बीस हजार |
| (ग) राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा नयाँ राष्ट्रिय कीर्तिमान कायम गरेमा प्रति खेलाडी रू. एक लाख | | | | | |
| (घ) राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा नयाँ अन्तर्राष्ट्रिय कीर्तिमान कायम गरेमा प्रति खेलाडी रू. दुई लाख | | | | | |

अनुसूची-५

(नियम २९ को उपनियम (१) सँग सम्वन्धित)

## राष्ट्रिय खेलकुद परिषद्को लोगो

नेपाल कानून आयोग

अनुसूची-६

(नियम ३० को उपनियम (१) सँग सम्बन्धित)

**शपथग्रहणको ढाँचा**

म ................................... सत्य, निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपाली जनता, नेपालको संविधान तथा प्रचलित अन्य कानून प्रति पूर्ण वफादार रही राष्ट्रिय खेलकुद परिषद्को ...................................(*शपथ लिएको पद उल्लेख गर्ने*) पदको कामकाज प्रचलित कानूनको अधीनमा रही कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराव भावना नलिई इमान्दारीसाथ पालना गर्नेछु । राष्ट्रिय खेलकुद परिषद्मा रहँदा राष्ट्रिय गौरव तथा स्वस्थ नागरिकका लागि खेलकुद भन्ने मूल नारालाई सार्थक बनाउँदै खेलकुदको मूल्य, मान्यता समेतलाई अक्षुण राख्दै निःस्वार्थ भावनाले आफ्नो कर्तव्यप्रति जागरुक रही खेलकुदको माध्यमबाट नेपालको गौरव, मान प्रतिष्ठा बढाउने कार्यमा सदैव अग्रसर रही रहनेछु। आफ्नो कर्तव्य पालनाको सिलसिलामा मलाई ज्ञात हुन आएको कुनै गोप्य कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक म पदमा बहाल रहे वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपले प्रकट गर्ने वा सङ्केत गर्ने छैन ।

शपथग्रहण गराउनेको,-

दस्तखत:..................................

नाम: ....................................

पद: .......................................

मिति: ..........................................

शपथग्रहण गर्नेको,-

दस्तखत:..................................

नाम: ......................................

पद: .......................................

मिति: .......................................

नेपाल कानून आयोग

अनुसूची-७

(नियम ३० को उपनियम (२) सँग सम्बन्धित)

**जज, रेफ्री र अम्पायर (निर्णायक) को शपथग्रहणको ढाँचा**

म ---------------------- जज/ जुरी/ रेफ्रिको तर्फबाट------------- प्रदेशको-----------शहरमा आयोजित----------राष्ट्रिय खेलमा समावेश खेल/सम्पूर्ण खेलका प्रतियोगिताहरुमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नियमहरुको पालना गर्दै खेलकुदको उच्च आदर्श अनुरुप निष्पक्ष भई खेल खेलाउन शपथग्रहण गर्दछु ।

शपथग्रहण गर्ने निर्णायकको,-

दस्तखत :................................

नाम : .....................................

पद : ......................................

मिति .....................................

नेपाल कानून आयोग

अनुसूची-८

(नियम ३० को उपनियम (२) सँग सम्बन्धित)

**खेलाडीको शपथग्रहणको ढाँचा**

म ---------------------- खेलाडीको तर्फबाट -------------प्रदेशको---------शहरमा आयोजित----------राष्ट्रिय खेलमा समावेश खेल/सम्पूर्ण खेलका प्रतियोगिताहरुमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नियमहरुको पालना गर्दै खेलकुदको उच्च आदर्श अनुरुप अनुशासित तथा मर्यादित भई खेल खेल्न शपथग्रहण गर्दछु ।

शपथग्रहण गर्ने खेलाडीको,-

दस्तखत :.........................

नाम : ................................

पद : ................................

मिति : ..............................

नेपाल कानून आयोग